स्थानीय सरकार
पुथा उत्तरगङ्गा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

puthauttargangamun.gov.np
info@puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com
9857880303, 9857880404

तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: ०८०।०८१
सूचना नं. : ५५

मिति: २०८१।०३।१३
ने.सं.: (११४४ तछलागा, ६ बिहीबार)

स्थानीय सरकार पुथा उत्तरगङ्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तकसेरा, रुकुम (पूर्वी भाग) लुम्बिनी प्रदेश, नेपाल २०७३

## उत्तरगङ्गा नदी र सानोभेरी नदीमा राखिएको ह्युम पाइप निकालिने सम्बन्धी सूचना !

पुथा उत्तरगङ्गा गाउँपालिकाको वडा नं. ११ सेरा र १० तक जोड्ने उत्तरगङ्गा नदी र वडा नं. ५ हुकाम र १ मैकोट जोड्ने सानोभेरी नदीको बहाव सदा झैँ वर्षायाममा बढ्ने कुरा सम्पूर्णमा सर्वविदितै छ। वर्षायामको मौसम बाहेक अन्य समयमा यस गाउँपालिकाका सर्वसाधारणहरूलाई उक्त नदी पार गर्न र सवारी साधनहरू आवतजावतमा सहजीकरणका लागि यस गाउँपालिकाले हरेक वर्ष उत्तरगङ्गा र सानोभेरी नदीमा मोटरबेल पुलको विकल्पको रूपमा ह्युम पाइप राख्दै आइरहेको छ। तसर्थ सवारी साधन लगायत आम नागरिकहरूलाई आवतजावतमा सहजीकरणका लागि यस वर्ष राखिएका ह्युम पाइपहरू नदीको बहाव दिनानुदिन बढेसँगै मिति २०८१।०३।१५ गते शनिबार बिहान निकाल्न लागिएकोले मिति २०८१।०३।१४ गते शुक्रबार बेलुका सम्ममा सम्पूर्ण सर्वसाधारण एवम् व्यवसायीहरूले कुनै सामानहरू सवारी साधन मार्फत ढुवानी गर्न एवम् अन्य कुनै सामाग्रीहरू ढुवानी लगायतका कार्यहरू र सवारी साधनहरू आफूलाई पायक पर्ने स्थानमा राख्नुहुन सम्बन्धित सबैमा यसै सूचना मार्फत जानकारी गराइन्छ। साथै उक्त कार्यले हुन आउने असुविधा प्रति गाउँपालिकाको कार्यालय क्षमा चाहन्छ।

२०८१।०३।१३

समिर गिरी
नि.प्रमुख प्रशासकीय अधिकृत

समिर गिरी
नि.प्रमुख प्रशासकीय अधिकृत